आज मिति २०७६/११/१५ गतेका दिन विहान ८ :०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | ~~श्री दिपक कुमार थापाक्षेत्री~~ दुर्गा बहादुर (बडैला श्री.श्री. | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री ~~नारायण प्रसाद वसाल~~ प्रदिप के.सी. श्री.श्री. | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री ~~सजेन्द्र सत्ता~~ अमर सिंह राना श्री.श्री. | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वज़ारी चौधरी | कार्यपालिका सदस्य | |
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री नारायण प्रसाद सापकोटा | सदस्य सचिव | |

Scanned with CamScanner

**निर्णय नं. १ :-**

मिति २०७६/११/१८ गते हुने धनगढी विकास सम्मेलन सफल पार्न समन्वय र सह- कार्यबाट अगाडी बढ्ने निर्णय गरियो। साथै नगर प्रमुख, उप- प्रमुख, सबै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य र समग्र सम्मानित नगर- कार्यपालिका नै विकास सम्मेलन सफल पार्न उक्त दिन विहान ६ :०० बजे कार्यक्रम स्थल धनगढी उप-महानगरपालिका भित्र वडा नं. ४ को ओम पार्टी प्यालेसमा लगनशिलता साथ खटिने निर्णय गरियो। कार्यालय प्रशासन तर्फ सम्पूर्ण कर्मचारी संयन्त्र परिचालन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. २ :-**

धनगढी खाना महोत्सव कार्यक्रमको प्रवर्द्धन र विकास गर्न यस पूर्व विनियोजन भएको रकम रु ४०,०००।- (अक्षरुपी चालीस हजार मात्र) अत्यन्त कम भएकोले उक्त बजेटलाई सम्बन्धित शिर्षकमा नै फिर्ता गरी यस उपमहानगरपालिकाको रातो किताबको सुत्र प्रणालीको उपयुक्त शिर्षकबाट रकमान्तर गरी रु ५,००,०००।- (अक्षरुपी पाँच लाख) बजेट उक्त पर्यटन प्रवर्द्धन खाना महोत्सव कार्यक्रमलाई बिल भर्पाईको आधारमा भुक्तानी गर्न बजेट बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :-**

यस उप- महानगरपालिकाको लागी कम्प्युटर मेशिनरी सामान खरीद गर्न विनियोजन भएको शिर्षक ३११२२ मा मात्र बजेट बाँकी रहेकोले नपुग हुने रकम सवारी साधन शिर्षक बाट नपुग हुने रकम रु ३०,००,०००।- (अक्षरुपी तीस लाख मात्र) बजेट खर्च गर्न रकमान्तर ब्यवस्था गरी प्रमुख प्रशासकीय अधिकृत लाई खर्च गर्ने अख्तियारी प्रदान गरियो।

**निर्णय नं. ४ :-**

वडा नं. ११ को वडा कार्यालयको फर्निचर खरिदमा रु ५,५०,०००।- (अक्षरुपी पाँच लाख पचास हजार मात्र) बजेट विनियोजन भएकोमा सोको सट्टा उक्त बजेट निम्न अनुसार खर्च गर्न रकमान्तर गर्ने निर्णय गरियो।

| **साविक** | **बजेट रकम** | **हाल** | **रकम** |
|---|---|---|---|
| क) फर्निचर खरिद | ५,५०,०००।- | क) फर्निचर खरिद | २,५०,०००।- |
| | | ख) जेनेरेटर खरिद | २,३०,०००।- |
| | | ग) वडा कार्यालय मर्मत | ७०,०००।- |
| **जम्मा** | **५,५०,०००।-** | **जम्मा** | **५,५०,०००।-** |

**निर्णय नं. ५ :-**

कार्यपालिकाको ३८ औं वैठकको निर्णय नं. २५ को १०१ शिर्षकमा एक मुष्ट ग्रावेलको विनियोजन भएको रु १०,००,०००।- (अक्षरुपी दश लाख मात्र) मध्येबाट एक लाख क्रिकेट प्रतियोगितामा खर्च भएको र बाँकी रु ९,००,०००।- (अक्षरुपी नौ लाख मात्र) हुनु पर्नेमा प्रिन्टङ्ग गल्तिले रु ७,००,०००।- (अक्षरुपी सात लाख मात्र) लेखिएकोले साविक रातो किताब अनुसार ९,००,०००।- (अक्षरुपी नौ लाख मात्र) कायम गर्ने निर्णय गरियो। (यसमा ३८ औं वैठक हेर्ने र नगर शभाको रातो किताब समेत हेर्ने।)

**निर्णय नं. ६ :-**

नगर प्रमुखबाट UNDP संग गरिएको समझदारी पत्र (Memorendom of Understanding-MOU) अनुसार एकल महिलाको लागि विनियोजन गर्नु पर्ने नगर - शभाको निर्णय रु ३२,००,०००।- (अक्षरुपी बत्तीस लाख) अनुसार विनियोजन गर्नु पर्ने नगर शभाको कानूनी बाध्यात्मक ब्यवस्था अनुसार सो बराबरको बजेट रकम नेपाल सरकारले विनियोजन गरेको सूत्र प्रणाली अनुसार कायम गर्न उपयुक्त पुजीगत खर्च सवारी साधन खरिदमा बाँकी हुन आउने रु. २०,००,०००।- (अक्षरुपी विस लाख) मध्ये एकल महिलाको सिलाई मशिन उपलब्ध गराउन गरिएको बोलपत्र को बजेट अनुसार रु. १२,००,०००।- (अक्षरुपी बाह लाख) बजेट खर्च गर्न अख्तियारीको लागी रकमान्तर गर्ने निर्णय गरियो। साथै अरु अपुग हुने रु अठार लाख बजेट रकम उपयुक्त पूजिगत शिर्षकबाट बाँकी हुन



Scanned with CamScanner

आउने ( चालु आ.व. ०७६/०७७) को रकम बाट सुत्र प्रणाली शिर्षक मिलान गरी प्रमुख प्रशासकीय अधिकृतलाई रकमान्तर गर्न अख्तियारी प्रदान गरियो ।

**निर्णय नं. ७ :-**

महालेखा परीक्षकको कार्यालयबाट आ. व. ०७५/०७६ को उप-महानगरपालिकाको खर्च र आम्दानी को प्राप्त अन्तिम लेखा परीक्षण को प्रारम्भिक प्रतिवेदन नगर- कार्यपालिका बैठकमा प्रवेश गराई छलफल गरियो साथै अन्तिम लेखा परीक्षण प्रतिवेदन प्राप्त भए पश्चात आवश्यक छलफल गरी निकास लिने निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

धनगढी विकास सम्मेलनमा सहभागीता र प्यानलिष्टका लागी प्रति व्यक्ति अर्थ मन्त्रालयको नर्म्स (Norms) अनुसार रु. ३४००।- (यसमा कर लाग्ने) तोक्ने निर्णय गरियो । साथै विकास सम्मेलनका लागी विनियोजित रकम रु. १५,००,००० (अक्षरुपी पन्ध्र लाख) बाट थप रकम रु ८,००,०००।- (अक्षरुपी आठ लाख ) रकम उप- महानगरपालिकाको यस पूर्व उल्लिखित बजेट शिर्षक बाट खर्च लेख्न नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो । विनियोजित बजेट लाई लागत इष्टिमेट तयार गरी नियमानुसार स्वीकृत गर्न तपशिल अनुसारको खर्चका नर्म्स (Norms) तोक्ने निर्णय गरियो ।

क) विज्ञलाई पारिश्रमिक शुल्क प्रचलित UN Agency र नेपाल सरकारको नर्म्स दुवैलाई आधार मान्ने ।

ख) खर्चको लागी आवश्यक विल भर्पाइको आधारमा उल्लिखित नर्म्स(Norms) माथि खण्ड 'क' को आधारमा भर्पाइ गराइ भुक्तानी लेख्ने ।

ग) विज्ञलाई आते, जाते, होटल बास खर्च र पारिश्रमिक शुल्क प्रचलित नेपालको कानून र माथि खण्ड क को आधारमा भुक्तानी लेख्ने ।

घ) भैपरी र विविध खर्च प्रचलित नेपाल कानूनको नर्म्स (Norms) अनुसार भुक्तानी लेख्ने ।

उल्लिखित मापदण्डको आधारमा तपशिल अनुसारको लगत इस्टिमेट स्वीकृत गर्ने निर्णय गरियो ।

| Dhangadhi Sub Metropolitan City | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Tentative Budget Sheet for Development Conference- 2020 | | | | | | | |
| Date: 1st March 2020 | | Venue: Om Party Palace, Dhangadi | | | Time: 0700-1900 Hrs | | |
| S. No | Items | # of Items | Days | Unit | Rate /unit | Total (NRs.) | Remarks |
| Participants cost | | | | | | | |
| 1 | Food (package cost) | 200 | 1 | person | 1000 | 200000 | विविध |
| 2 | Water | 50 | 1 | Jars | 50 | 2500 | विविध |
| 3 | Folder (Agenda, 1 page profile, 1 pen, 1 S Note, Bag) | 200 | 1 | Pcs | 500 | 100000 | विविध |
| | Sub Total | | | | | 302500 | |
| Administrative cost | | | | | | | |
| 4 | Hall charge | 2 | 1 | Day | 50000 | 100000 | भाडा |
| 5 | Projector Screen | 2 | 1 | Pcs | 1000 | 2000 | भाडा |
| 6 | Prize for winners on call for an idea | 1 | 1 | person | 30000 | 30000 | पुरस्कार |
| 7 | Event Management | 1 | 1 | days | 200000 | 200000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| | Sub Total | | | | | 332000 | |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **(Human Resource) Facilitator/Volunteer cost** | | | | | | | |
| 8 | Fee- Key Facilitator | 1 | 3 | person | 80000 | 80000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 9 | Lodging- Key Facilitator | 1 | 4 | nights | 2500 | 10000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 10 | Air flight - Key Facilitator | 1 | 2 | both ways | 7000 | 14000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 11 | Food- Key Facilitator | 1 | 2 | Full day | 3000 | 6000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 13 | Volunteers | 10 | 2 | person | 250 | 5000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 14 | Fee- Expert/presenter | 6 | 1 | person | 15000 | 90000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| | Fee-Panelist | 15 | 1 | person | 3400 | 51000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 15 | Food- Expert | 6 | 2 | Full day | 3000 | 18000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 16 | Lodging- Expert | 6 | 2 | nights | 2500 | 15000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 17 | Air flight Expert | 6 | 2 | both ways | 7000 | 84000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| | **Sub Total** | | | | | **373000** | |
| **Media/advertisement cost** | | | | | | | |
| 18 | Infographic | 20 | 1 | Page design | 2000 | 40000 | विज्ञापन |
| 19 | Banners for press meet | 195 | 1 | Sq Ft | 50 | 9750 | विज्ञापन |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 20 | Advertisement in national Media | 1 | 1 | No. | 60000 | 60000 | विज्ञापन |
| 21 | Advertisement in Local Media | 15 | 1 | No. | 3000 | 45000 | विज्ञापन |
| 22 | Main Banner for conference | 200 | 1 | Sq Ft | 100 | 20000 | विज्ञापन |
| 23 | Welcome gate and other gate | 6 | 1 | No. | 15000 | 90000 | विज्ञापन |
| 25 | Live AIR-FM | 1 | 1 | Org | 20000 | 20000 | विज्ञापन |
| 26 | Promotional materials in airlines | 500 | 30 | pcs | 10 | 5000 | विज्ञापन |
| 27 | Event Hall- Photo/Video Gallery | 25 | 1 | Pcs | 3500 | 87500 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 28 | Air fair for guest | 10 | 2 | both ways | 7000 | 140000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 29 | Internet | | | | | 20000 | संचार |
| 30 | Gift Item | 1 | 40 | No. | 2000 | 80000 | कार्यालय सामान |
| 31 | Hotel for other guest | 2 | 10 | Room | 3000 | 60000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| | **Sub Total** | | | | | **677250** | |
| | **Fareweell** | | | | | | |
| 32 | Travel | 6 | 1 | No | 4000 | 24000 | भाडा |
| 33 | Musical/cultural show at open park | 3 | 1 | Performance | 5000 | 15000 | विविध |
| 34 | Food | 50 | 1 | persons | 500 | 25000 | विविध |
| | **Sub Total** | | | | | **64000** | |
| 34 | Report writing publication anlysis | 1 | 1 | Lumsum | 150000 | 150000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| 35 | Contingency | 1 | 1 | Lumsum | 150000 | 150000 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| | **Sub Total** | | | | | **300000** | |
| | **Total** | | | | | **2,048,750** | |
| | **Tax** | | | | | **266,338** | |
| | **Grand Total** | | | | | **2,315,087.5** | |

**निर्णय नं. ९ :-**



Scanned with CamScanner

विकास सम्मेलनको सिलसिलामा विगत दुई महिना देखी कार्यालय समय बाहेक बिहान र बेलुका कार्यालय समय बाहिर खटिएका प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख लगायत खटिएका सबै सहभागी सदस्यहरुलाई प्रति वैठक सहभागीता उपस्थितीको आधारमा खाजा, खाना खर्च वाफत रु ६००।- (अक्षरुपी छ सय) का दरले स्वीकृत लागत इष्टिमेट भित्रबाट भुक्तानी लेख्ने अख्तियारी प्रदान गरियो ।

**निर्णय नं. १० :-**

यस धनगढी उप-महानगरपालिका कार्यपालिका कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत सडक बोर्ड नेपाल संगको साँझेदारीमा कालोपत्रे सडक आवधिक मर्मत गर्ने कार्यको बोलपत्र भई तपशील बमोजिमको बजेट बाँकी रहन गएकोले सो रकम लाई धनगढी उप- महानगरपालिका वडा नं. १ नगरपालिका रोड सपिङ्ग कम्पलेक्स अगाडीको भाग आवधिक मर्मत गर्ने निर्णय गरियो ।

**तपसिल :-**

मेन रोड आवधिक मर्मत धनगढी- १ कैलाली पुल देखी सेतो पुल सम्म

| ल.ई | सम्झौता | वचत |
|---|---|---|
| १४७९५९३५.९९ | ९५९३९३८.७८ | ५२०१९९७.२१ |

**निर्णय नं. ११ :-**

धनगढी उप-महानगरपालिका वडा नं. ९ मा रहेको चौफेरी ताल सुधारका कार्यक्रमहरु कृषि कार्यक्रम बाट संचालन गर्ने भनि कार्यपालिका वैठकको २०७६/१०/१७ , निर्णय नं. ६२ मा निर्णय भएकोमा सो मध्ये चौफेरी ताल मा सोलार वाटर पम्प जडान गर्ने कार्यका लागि आवश्यक पर्ने बजेट ल.ई. अनुसार रु. ७,१०,०००।- (अक्षरुपी सात लाख दस हजार) साना सिचाई सहयोग कार्यक्रम बाट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-**

यस उप-महानगरपालिकाको स्वामित्वमा रहेको कार्यालय भवनको पश्चिम पट्टीको सपिङ्ग कम्पलेक्समा बाँकी रहेका २ कोठालाई (कोठा नं. १ देखी १६ नं. सम्म कायम गरिएको र १ नं. कोठा उत्तर क्षेत्र बाट सुरु भएको छ ) बहालमा लगाउन १५ नम्बर र १६ नम्बर कोठाको न्युनतम बहाल रकम क्रमश रु. १२,५००।- (अक्षरुपी बाह्र हजार पाँच सय) र रु. ११,५००।- (एघार हजार पाँच सय) कायम गरी प्रकासित गरेको सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :-**

सेवा करारको आधारमा नीति परामर्शदाता को रुपमा सेवा गरेका श्री टेकेन्द्र कुमार देउवा र कानून परामर्श सेवा दिइरहेका श्री भरत सिंह को सेवा करार म्याद समाप्त भएको मिति देखी २०७७ अषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: वडा नं. १३ को विभिन्न टोलमा ग्राभेल गर्ने नयाँ को इन्जिगत बजेटको बोलपत्र प्रतिस्पर्धा रकम बाट बचत उन गएको इन्जिगत बजेट शिर्षकबाट भुक्तानी लेख्ने गरी रु. ५,००,००० अक्षरुपी पाँच लाख रकम विनियोजन गरी चालु आ.व. मा (०७६।०७७) कार्य सम्पन्न गरी भुक्तानी लेख्ने निर्णय गरियो। साथै पत्रकार संबन्धि १ हप्ते आवासिय ट्रेनिङ मा सहकार्य गरिएको क्यापिटल मिडियासँग रु. २५,०००।- अक्षरुपी पच्चीस हजार मात्र विविध शिर्षकबाट खर्च लेख्ने गरी अख्तियारी प्रदान गरियो।

Scanned with CamScanner